नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग
पुल्चोक, ललितपुर
२०६८

# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक ललितपुर

## प्रेस विज्ञप्ति

( अभियोग दायर गरिएको)

प्रकाशित मितिः २०८१/११/०६

प्रस्तुत विषयमा वादी नेपाल सरकार प्रतिवादी राम बहादुर बम्जन भन्ने रामलाल बम्जन भएको यौन सन्तुष्टी प्राप्त गर्ने तथा बाल यौन शोषण गरेको भन्ने कसूरका सम्बन्धमा नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्युरोको च.नं.७७५९ मिति २०८०।१०।०४ गतेको पत्र सहित बदामद नगद तथा सामानहरु समेत यस विभागमा दर्ता हुन आएको उजुरी/सूचना उपर सम्पत्ति शद्धीकरणको कसुरमा जाँचबुझ तथा अनुसन्धान हुँदा प्रतिवादी राम बहादुर बम्जन भन्ने रामलाल बम्जन संलग्न "यौन सन्तुष्टी प्राप्त गर्ने तथा बाल यौन शोषण"सम्बन्धी कसूर सम्पत्ति शुद्धीकरण निवारण प्रयोजनार्थ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को अनुसूचीमा उल्लिखित सम्बद्ध कसूर भएकाले निज प्रतिवादीले सो कसुरबाट आर्जन गरेको सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने छल्ने लगायत ऐ ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (क), (ख) र (ग) ले निषेधित कार्य गरी गराई सोही ऐनको दफा ३ को उपदफा (३) बमोजिमको सम्पत्ति शुद्धीकरणको कसुर गरेको तथ्य स्थापित हुन आएकाले निज प्रतिवादी लिटिल बुद्ध, राम बहादुर बम्जन भन्ने रामलाल बम्जनको हकमा कुल बिगो रु. ८,२७,५९,४८१।- **(आठ करोड सत्ताईस लाख उन्नासाठ्ठी हजार चार सय एकासी रूपैया)** कायम गरी **सोही ऐनको दफा ३० को उपदफा (१)** बमोजिम विगोको दोब्बर जरिवाना र कसुरको मात्रा अनुसार कैद सजाय हुनका साथै निज प्रतिवादी लिटिल बुद्ध, राम बहादुर बम्जन भन्ने रामलाल बम्जनको साथबाट बरामद भएको र गाडी खरिद गर्न पेश्की दिएको श्रोत नखुलेको रकम रु.८,२७,५९,४८१।- (आठ करोड सत्ताईस लाख उन्नासाठ्ठी हजार चार सय एकासी रूपैया) तथा प्रतिवादीको नाममा खरिद गरिएको जग्गाहरु तथा बरामद नगद समेत सोही **ऐनको दफा ३४ को उपदफा (१)** बमोजिम र **सोही ऐनको दफा २८ को उपदफा (५)** बमोजिम बमोजिम जफत हुन मागदावी लिई जिल्ला सरकारी वकिल कार्यालय सर्लाही मार्फत सर्लाही जिल्ला अदालतमा मिति २०८१।११।०५ गते मुद्दा दर्ता नं ०८१-C1-0348 मा दर्ता गरी अभियोग पत्र दायर गरिएको छ ।